# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७३/११/१२ गते

## प्रेस विज्ञप्ति

**विषय: मालपोत कार्यालय भक्तपुरका नायव सुब्बा ऋषी राम बुढाथोकी, कार्यालय सहायक केशव खत्री र लेखा ब्यवसायी बिष्णु निसुतुलाई घुस रकम सहित नियन्त्रणमा लिईएको ।**

---

मालपोत कार्यालय भक्तपुरका नायव सुब्बा ऋषी राम बुढाथोकी, कार्यालय सहायक केशव खत्री र लेखा ब्यवसायी बिष्णु निसुतुले मोहीले भोगचलन गरेको १३ रोपनी गुठीको जग्गा व्यक्तिको नाममा नामसारी गर्ने प्रयोजनका लागि विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा आयोगको कार्यालयबाट खटिई गएको टोलीले निजहरु नायब सुब्बा ऋषी राम बुढाथोकीलाई रु.३,००,०००।- (तीन लाख) घुस बापतको रकम र श्रोत नखुलेको रू.१,०४,५००।- (एक लाख चार हजार पाँच सय), कार्यालय सहायक केशव खत्रीलाई रु.१,००,०००।- (एक लाख) घुस वापतको रकम र श्रोत नखुलेको रु.२९,५००।-(उनानतीस हजार पाँच सय) र मतियारको भूमिका निर्वाह गर्ने लेखा व्यवसायी बिष्णु निसुतुलाई श्रोत नखुलेको रु.१,००,०००।- (एक लाख) रकम सहित भक्तपुर स्थित सूबर्ण भोजनालयबाट नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता